# श्री लालीगुराँस सामुदायिक वन उपभोक्ता समूह

लम्कीचुहा न.पा.-६, बौनीनपुर, कैलाली

## काठ लिलाम विक्रि सम्वन्धि विस्तृत विवरण सहित सुचना

हाइवे टाइम्स् राष्ट्रिय दैनिक पत्रिकामा दोस्रो पटक प्रकासित मिति २०७९/०९/२३ गते

उपरोक्त सम्बन्धमा यस सामुदायिक वन उपभोक्ता समूहको सामुदायिक वन क्षेत्रबाट आ.व. २०७८/०७९ मा कार्ययोजना बमोजिम संकलन भई घाटगद्दीमा भएको काठ तपसिल बमोजिमको लट कायम गरी जेजस्तो अवस्थामा छ। सोही अवस्थामा शिलबन्दी बोलपत्र द्वारा लिलाम बिक्रि गर्न भएको हुंदा मूल्य अभिवृद्धिकरमा दर्ता भएका काठ व्यवसाय फर्म वा उद्योगले मात्र निम्न शर्तको अधिनमा रहि यो सम्बन्धि सुचना हाइवे टाइम्स राष्ट्रिय दैनिकमा प्रकासित भएको मितिले १५ दिन भित्र यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयबाट बोलपत्र खरीद गरी १६ औं दिनको ३:०० बजे भित्र यस सा.व.उ.स.को कार्यालयमा शिलबन्दी दाखिला गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकासित गरिएको छ।

तपसिल

| सि.नं. | लट नं. आ.व. ०७८/०७९ | घाटगद्दी स्थान | जात | ग्रेड | थान | परिमाण क्यू.फिट | न्यूनटम मूल्य प्रति क्यू.फि. | लागत खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | सा.व.उ.स.को कम्पाउण्डमा | साल | A | ४ | ७०.९७ | १०००/- | १४० रु. प्रति क्यू.फि. | |
| | | | | | | | | | |
| | | | | B | २९ | ३१३.१७ | ७००/- | | |
| | | | | C | ४५ | २७९.४४ | ५००/- | | ६६३.५८ |
| | | | अस्ना | A | २९ | १०९४.८६ | ४००/- | | |
| | | | | B | ११ | २३५.३७ | ३००/- | | |
| | | | | | | | | | १३३०.२३ |

**शर्तहरू :-**

१. यो सम्वन्धि सुचना हाइवे टाइम्स् राष्ट्रिय दैनिक पत्रिकामा प्रकासित भएको मितिले १५ दिन भित्र मू.अ.करमा दर्ताभएका काठ व्यवसाय फर्महरुले रु. १०००/- (फिर्ता नहुने गरी) तीरी यस सा.व.उ.स.को कार्यालयबाट बोलपत्र फाराम खरी दगर्न सकिनेछ।

२. आफुले सकार गरेको अंकको १० % ले हुने धरौटी वापतको रकम सा.व.उ.स.को नाममा रहेको किसान बहुउद्देश्यीय सहकारी संस्थाको बैकिङ्ग कार्यालय लम्कीमा रहेको हिसाब नं. १४८१ मा जम्मा गरेको सक्कल भौचर वा नगद बैंक ड्राफ्ट तथा मु.अ.करमा दर्ता भएको प्रमाण पत्र काठ व्यवसायको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि समेत बोलपत्र साथ संकलन गरी शिलबन्दी बोलपत्र पेश गर्नुपर्ने छ।

३. बोलपत्र खरीग गर्ने अन्तिम दिन वा दाखिला गर्ने अन्तीम दिन बिदा परेमा क्रमशः कार्यालय खुल्ने दिनमा उपरोक्त समयमै बोलपत्र बिक्र, दर्ता खुल्ने कार्य हुनेछ।

४. बोलपत्र दाताले बोलपत्रमा आफ्नो नाम, ठेगाना लेखि दस्तखत गरी फर्म वा संस्थाको छाप समेत लगाई खाममा राखि शिवन्दि गरी खामको बाँया तर्फ आफ्नो नाम ठेगाना लेखि फर्म वा संस्थाको छाप समेत लगाई दायाँ तर्फ बोलपत्र पेश हुने कार्यालयको नाम विषय र लट नं. उल्लेख गरी पेश गर्नु पर्नेछ।

५. बोलपत्र पेश गर्दा अफुले सकार गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

६. शिलबन्दी बोलपत्र सुचना प्रकासित भएको मितिले १६ औं दिनको ३ बजे भित्रमा सा.व.उ.स.को दर्ता गरीसक्नु पर्नेछ।

७. निर्धारित म्याद भित्र रितपूर्वक दर्ता हुन आएका बोलपत्र सुचना प्रकासित भएका मितिले १७ औं दिनको ११:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधि नभएमा पनि नियमानुसार खोलिने छ।

८. पुर्ण आएका बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूण अधिकार यस समूहको कार्यसमितिमा निहित रहनेछ। म्याद नाघि आएको वा सर्त राखेको र रित नपुगेको बोलपत्र उपर कुनै कार्यावाही हुनेछैन।

९. बोलपत्र स्वीकृत भएको बोलपत्र खोलिएको मितिले बढिमा ७ दिन भित्र यस सा.व.उ.स.को कार्यालयको सुचना पाटीमा टाँस गरिने छ। यो सुचना टाँस भएको मितिले १५ दिन भित्र सम्बन्धित सकारकर्ताले सकार सकम जम्मा गर्नुपर्ने छ। तोकिएको म्याद भित्र रकम जम्मा नगरेमा उक्त लटको लागि राखेको धरौटी नियमानुसार जफत गरी १०% भित्र परेका क्रमशः दोस्रो, तेस्रो र चौथोलाई रकम दाखिला गर्न सुचना प्रकासित गरिनेछ। सो को जानकारी सकारकर्ता स्वयमले लिनुपर्नेछ।

१० बोलपत्र दाताले काठ हेर्न चाहेमा उपभोक्ता समूहको घाटगद्दीमा हेर्न सकिनेछ।

११. सकारकर्ताले सकार गरेको सकार रकमको अतिरिक्त नियमानुसार लाग्ने मु.अ.कर संकलन खर्च तथा वन विकास कोषको रकम समेत थप दाखिला गर्नुपर्नेछ।

१२. अन्य जानकारीका लागि कार्यालय समयमा यस सा.व.उ.स. को कार्यालय तथा सब डिभिजन वा कार्यालय बर्दगोरिया अथवा डिभिजन वन कार्यालय पहलमानपुर कैलालीमा सम्पर्क राख्न सकिनेछ।